# भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५ सालको ऐन नं. १०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## राजनीतिक संगठन वा दलहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : नेपाल अधिराज्यको संविधान, २०४७ ले बहुदलीय व्यवस्थाको माध्यमद्वारा नेपाल अधिराज्यको शासन व्यवस्था



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालन हुने प्रत्याभूति गरेकोले ब्रहुदलीय व्यवस्थाको संस्थागत विकासको निम्ति राजनीतिक संगठन वा दलहरुलाई संगठित संस्थाको रुपमा विकसित गर्न, दल दर्ताको प्रक्रियालाई व्यवस्थित गर्न, दलको आन्तरिक संगठनमा प्रजातान्त्रिकिकरणको विकास गर्न, दलको कोषलाई पारदर्शी बनाई राजनीतिक दललाई जिम्मेवार संस्थाको रुपमा विकास गराउने उद्देश्यले राजनीतिक संगठन वा दलहरुको सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राजनीतिक दल सम्बन्धी ऐन, २०५८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "दल" भन्नाले दफा ३ बमोजिम गठन भएको राजनीतिक संगठन वा दल सम्झनु पर्छ ।

(ख) "विधान" भन्नाले दलको विधान सम्झनु पर्छ ।

(ग) "कार्यकारी समिति" भन्नाले विधान बमोजिम गठित दलको केन्द्रीय कार्यकारिणी समिति सम्झनु पर्छ र सो शब्दले सम्बन्धित दलको विधानमा जुनसुकै नामबाट नामाकरण गरिएको भए तापनि सो दलको केन्द्रीय कार्यकारिणी समितिको काम गर्न गठन भएको निकायलाई समेत जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "पदाधिकारी" भन्नाले दलको विधानमा पदाधिकारी भनी तोकेको पदाधिकारी सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. राजनीतिक संगठन वा दलको गठन : (१) समान राजनीतिक उद्देश्य र कार्यक्रमप्रति प्रतिबद्ध व्यक्तिहरुले आवश्यक विधान र नियमहरु बनाई राजनीतिक संगठन वा दल गठन गर्न सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको राजनीतिक संगठन वा दलले आफ्नो उद्देश्य तथा कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि संगठन सम्बन्धी कार्य गर्न, त्यसको प्रचार र प्रसार गर्न, गराउन वा सो प्रयोजनको लागि अन्य कुनै काम गर्न सक्नेछ ।

४. दलको विधान : दलको विधानमा देहायका कुराहरु समेत उल्लेख भएको हुनु पर्नेछ :-

(क) दलको नाम,

(ख) दलको केन्द्रीय कार्यालयको ठेगाना,

(ग) दलको छाप, चिन्ह वा झण्डा सम्बन्धी विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) दलको उद्देश्य,

(ङ) दलको सदस्यता सम्बन्धी व्यवस्था,

(च) दलको प्रत्येक तहको कार्यकारी समितिको गठन विधि र पदावधि,

(छ) दलको पदाधिकारीहरुको संख्या र निर्वाचन प्रक्रिया,

(ज) दलको कोष र लेखापरीक्षण सम्बन्धी व्यवस्था,

(झ) दलको विधान संशोधन सम्बन्धी प्रक्रिया,

(ञ) दलको विघटन सम्बन्धी व्यवस्था,

(ट) दल विघटन भएपछि दलको सम्पत्ति र दायित्व सम्बन्धी व्यवस्था,

(ठ) कम्तीमा पाँच वर्षको एकपटक संगठन वा दलको कार्यकारी समितिको सदस्य संख्या मध्ये कम्तीमा पचास प्रतिशत निर्वाचन गर्ने सम्बन्धी व्यवस्था,

(ड) तोकिए बमोजिम अन्य विषयहरु ।

५. <u>दलले गर्न नहुने कामहरु</u> : दलले देहायका कुनै काम गर्नु गराउनु हुँदैन :-

(क) नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डतामा प्रतिकूल प्रभाव पार्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपाल अधिराज्यका विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पार्ने,

(ग) हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने,

(घ) सार्वजनिक नैतिकताको प्रतिकूल हुने,

(ङ) कुनै धर्म, सम्प्रदाय, जात जाति वा क्षेत्रका व्यक्तिलाई मात्र सदस्यता प्रदान गर्ने,

(च) नेपाल अधिराज्यको संविधान, २०४७ विपरीत हुने अन्य काम,

(छ) अन्तर्राष्ट्रिय संघ संस्था र विदेशी सरकार, व्यक्ति तथा संघ संस्थाबाट अनुदान वा चन्दा लिने,

(ज) आयोगले समय समयमा जारी गरेको आचार संहिता उल्लंघन गर्ने,

(झ) सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने गरी हात हतियार र विस्फोटक पदार्थ लिएर प्रदर्शन गर्ने,

(ञ) प्रचलित कानून बमोजिम गर्न नहुने कुनै काम ।

६. <u>सदस्य बनाउन नहुने</u> : देहायका व्यक्तिहरुलाई दलको सदस्य बनाउनु हुँदैन :-

(क) गैर नेपाली नागरिक,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सोह्र वर्ष उमेर पूरा नभएको व्यक्ति,

(ग) नैतिक पतन देखिने फौजदारी मुद्दामा कैदको सजाय हुने अपराध गरे बापत दोषी ठहरिई दुई वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले छ वर्ष भुक्तान नगरेको व्यक्ति,

(घ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला कर्मचारी ।

७. <u>दलको दर्ता</u> : (१) कुनै दलले यस ऐन बमोजिम दल दर्ता गराउन चाहेमा त्यस्तो दलको कार्यकारी समितिका सबै पदाधिकारीहरुले हस्ताक्षर गरी दलको दुई प्रति विधान संलग्न गरी आयोग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको सम्बन्धमा आयोगले त्यस्तो दल दर्ताको लागि रित पुगे नपुगेको जाँचबुझ गर्नेछ र आवश्यक देखेमा थप विवरण समेत माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परेको निवेदनको सम्बन्धमा आयोगले त्यस्तो निवेदन प्राप्त भएको मितिले वा सो सम्बन्धमा उपदफा (२) बमोजिम थप विवरण मागिएकोमा त्यस्तो विवरण प्राप्त भएको मितिले एक महिनाभित्र सो सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आयोगले दल दर्ता गर्ने निर्णय गरेमा त्यस्तो दलको नाम, ठेगाना, पदाधिकारीहरुको नाम र झण्डा समेत खुलाई दर्ता किताबमा दर्ता गरी त्यसको



५४६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सात दिनभित्र निवेदकलाई तोकिएको ढाँचामा दल दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम दल दर्ता भएको व्यहोराको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

८. दल दर्ता गर्न इन्कार गर्न सक्ने : (१) देहायको कुनै अवस्थामा आयोगले दल दर्ता गर्न इन्कार गर्न सक्नेछ :-

(क) दलको गठन कुनै धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्रीयताको आधारमा भएको देखिएमा,

(ख) दलको नाम वा चिन्ह पहिले दर्ता भएको कुनै दलको नाम वा चिन्हसंग मिल्ने भएमा,

(ग) दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा धार्मिक, साम्प्रदायिक वा देशलाई विखण्डित गर्ने प्रकृतिको भएमा,

(घ) दलको विधानमा दफा ४ बमोजिमका कुराहरु उल्लेख नभएमा,

(२) उपदफा (१) बमोजिम आयोगले दल दर्ता गर्न इन्कार गरेमा त्यसको कारण सहित सात दिनभित्र सम्बन्धित दललाई सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित दलले आयोगले औंल्याएका कुरा सच्याई सो कुराको सूचना पाएको मितिले सात दिनभित्र दल दर्ताको लागि पुन: निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि आयोगले दल दर्ता गर्न इन्कार गरेमा सात दिनभित्र सो कुराको मनासिव कारण सहितको सूचना सम्बन्धित दललाई दिनु पर्नेछ ।

९. संगठित संस्था हुने : (१) यस ऐन बमोजिम दर्ता भएको दल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) दलको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) दलले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) दलले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र दल उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१०. दलले जानकारी दिनु पर्ने : (१) यस ऐन बमोजिम दर्ता भएको दलले देहायका कुराहरुको जानकारी त्यस्तो कुराहरु भए गरेको मितिले पन्ध्र दिनभित्र आयोगलाई दिनु पर्नेछ :-

(क) दलको नाम, विधान, नियम, छाप, चिन्ह वा झण्डामा संशोधन भएको कुरा,

(ख) पदाधिकारीहरुको परिवर्तन सम्बन्धी कुरा ।

(२) उपदफा (१) बमोजिमको कुनै जानकारी प्राप्त भएमा आयोगले दर्ता किताबमा उल्लिखित सम्बन्धित दलको विवरणमा आवश्यक संशोधन गरी राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रतिनिधि सभा वा स्थानीय निकायको निर्वाचनमा भाग लिने दलले आफूले प्रकाशन गरेको घोषणापत्र र कार्यक्रमको प्रमाणित प्रतिहरु त्यसरी प्रकाशन गरेको मितिले सात दिनभित्र आयोगमा पेश गर्नु पर्नेछ ।

११. <u>दलको लेखा र लेखापरीक्षण</u> : (१) यस ऐन बमोजिम दर्ता भएको दलले आय व्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) दलको आय व्ययको लेखापरीक्षण महालेखा परीक्षकबाट मान्यताप्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(३) दलको आय व्ययको हिसाब किताबमा निर्वाचन खर्चहरु उल्लेख गर्नु पर्नेछ ।

१२. <u>आय व्ययको वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने</u> : (१) यस ऐन बमोजिम दर्ता भएको दलले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र आफ्नो आय व्ययको विवरणको वार्षिक प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा पच्चीस हजार रुपैयाँभन्दा बढी चन्दा दिने संगठित संस्था र व्यक्तिहरुको नाम, ठेगाना र पेशा समेत उल्लेख भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सम्बन्धित दलले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र सार्वजनिक गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८४

१३. <u>सार्वजनिक गरिने</u> : आयोगले दफा १२ बमोजिम प्राप्त हुन आएका वार्षिक प्रतिवेदनहरुको समीक्षा गरी त्यसको विस्तृत प्रतिवेदन प्रकाशन गर्नेछ ।

१४. <u>दर्ता कायम नरहने अवस्था</u> : (१) देहायका अवस्थामा यस ऐन बमोजिम दर्ता भएको दलको दर्ता कायम रहने छैन :-

(क) कुनै दलले आफ्नो दलको दर्ता रद्द गरी पाउँ भनी आयोग समक्ष निवेदन दिएमा,

(ख) कुनै धर्म, सम्प्रदाय, जात, जाति, लिङ्ग वा क्षेत्रका व्यक्तिलाई मात्र सदस्यता प्रदान गरेमा ।

(२) उपदफा (१) बमोजिम दर्ता कायम नरहेका दलहरुको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

१५. <u>निर्वाचनको प्रयोजनको लागि राजनीतिक संगठन वा दलको मान्यता</u> : नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ बमोजिम निर्वाचनको प्रयोजनको लागि राजनीतिक संगठन वा दलको मान्यता सम्बन्धी व्यवस्था तत्सम्बन्धी प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ ।

१६. <u>सजाय सम्बन्धी व्यवस्था</u> : दफा ११ र १२ बमोजिमको कार्य नगरेमा आयोगले एकसय रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

१७. <u>समिति गठन गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम आफूले गर्नु पर्ने कुनै कामको सम्बन्धमा सुझाव पेश गर्न आयोगले सम्बन्धित विशेषज्ञहरु रहेको समिति गठन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि आयोगले तोके बमोजिम हुनेछ ।

१८. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले निर्वाचन आयोगको परामर्श लिई आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१९. बचाउ : यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र यस ऐनमा नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति :- २०५९।५।२७।५

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।